# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७९।०५।१९ गते।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

जिल्ला बागलुङ, बागलुङ नगरपालिकाले प्रदेश सरकारले तोकेको भन्दा कम दररेट राखी नदीजन्य पदार्थको कर संकलन गर्दा कम कर उठाई मिलेमतो गरी नगरपालिकालाई हानिनोक्सानी पुऱ्याएको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा बागलुङ जिल्ला, बागलुङ नगरपालिकाले ढुङ्गा, गिट्टी, बालुवाको बिक्री वितरणको लागि सूचना प्रकाशन गर्दा र ठेक्का लगाउँदा प्रदेश सरकारले कानूनबमोजिम तोकेको दरमा सूचना प्रकाशन गरी ठेक्का लगाउनुपर्नेमा सो नगरी बिक्री वितरण दर घटी निर्धारण गरेर सोही आधारमा राजस्व सङ्कलन गरी नेपाल सरकारलाई रु.१७,४०,०६६।- हानिनोक्सानी पुऱ्याई भ्रष्टाचारजन्य कार्य गरेको पुष्टि हुन आएकोले उक्त भ्रष्टाचार कसूरमा संलग्न देहायबमोजिमका पदाधिकारीहरू र कर्मचारीहरूलाई देहायबमोजिमको सजाय हुन मागदाबी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ र दफा ३५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ बमोजिम आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

**देहाय:**

| सि.नं | नामथर | कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|---|
| १. | तत्कालीन उपप्रमुख सुरेन्द्र खड्का | बागलुङ नगरपालिका नगरकार्यपालिका | रु.३४,८०,१३२।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (ख) बमोजिमको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ बमोजिम निजलाई बिगोको आधारमा सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (च) बमोजिम सजाय र सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको राजस्वको दोब्बर जरिवाना हुन समेत मागदाबी लिइएको छ । |
| २. | तत्कालीन वडा अध्यक्ष जीवन आचार्य | ऐ.ऐ. | रु.३४,८०,१३२।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (ख) बमोजिमको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ बमोजिम निजलाई बिगोको आधारमा सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (च) बमोजिम सजाय र सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको राजस्वको दोब्बर जरिवाना हुन समेत मागदाबी लिइएको छ । |
| ३. | तत्कालीन प्रमुख प्रशासकीय अधिकृत भीम बहादुर कुँवर | ऐ.ऐ. | रु.३४,८०,१३२।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (ख) बमोजिमको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ बमोजिम निजलाई बिगोको आधारमा सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (च) बमोजिम सजाय र सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको राजस्वको दोब्बर जरिवाना हुन समेत मागदाबी लिइएको छ । |

| | | | | |
|---|---|---|---|---|
| ४. | तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत हिमालयजिवी उपाध्याय | ऐ.ऐ. | रु.३४,८०,१३२।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (ख) बमोजिमको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ बमोजिम निजलाई बिगोको आधारमा सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (च) बमोजिम सजाय र सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको राजस्वको दोब्बर जरिवाना हुन समेत मागदाबी लिइएको छ । |
| ५. | तत्कालीन राजस्व शाखा सदस्य-सचिव काशिराम शर्मा (राजस्व परामर्श समिति) | ऐ.ऐ. | रु.३४,८०,१३२।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (ख) बमोजिमको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ बमोजिम निजलाई बिगोको आधारमा सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (च) बमोजिम सजाय र सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको राजस्वको दोब्बर जरिवाना हुन समेत मागदाबी लिइएको छ । |

प्रवक्ता
श्याम प्रसाद भण्डारी